जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १६१ | २०७८ साल माघ ११ गते मंगलबार (25 Jan. 2022 Tuesday) | मूल्य रु. ५/-

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री बितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : शैक्षिक सुधारमा निरन्तरता, संघीय.. ३ पृष्ठमा : तोकिएका प्रतिनिधिलाई मात्र ... ३ पृष्ठमा दश हजार ३ सय १९ ...

# मन्त्री यादव समर्थित कार्यकर्ताद्वारा डा. राउत बिरुद्ध प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादव समर्थित कार्यकर्ताहरुले जनमत पार्टीका अध्यक्ष डा. सिके राउत बिरुद्ध सोमबार राजविराजमा प्रदर्शन गरेका छन् ।

मन्त्री यादवमाथी जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले षडयन्त्र गरेको भन्दै उनीहरु प्रदर्शनसहित नाराबाजि गरेका हुन् ।

मन्त्री यादवको समर्थनमा प्रदेश महिला संघ र समाजवादी महिला संघ सप्तरीको अगुवाईमा स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको जुलुस डा. राउत बिरुद्ध नाराबाजी गर्दै बजार क्षेत्र परिक्रममा गरेको थियो ।

सो क्रममा सहभागिहरुले महिलामाथीको अभद्र व्यवहार बन्द गर, दोषिमाथी कारवाही गर लगायतका नाराबाजी गर्दै जुलुस जनआन्दोलन चौकमा पुगि बिरोध सभामा परिणत भएको थियो ।

सभालाई प्रदेश सभा सदस्य अभिषेक यादव, जसपा महिला

*बाँकी अन्तिम पृष्ठमा*

## पहिचानको लडाइ अझै जारि छ : अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश अध्यक्ष रामबाबुकुमार यादवले स्वाविमान, अधिकार प्राप्ति र पहिचानको लडाइ अझैं जारी रहेको बताएका छन् ।

राजविराजमा सोमबार आयोजित 'जसपा जिल्ला समन्वय सप्तरी सपथग्रहण कार्यक्रममा बोल्दै उनले अधिकार प्राप्ति र पहिचानको लडाइ जारी रहेको उल्लेख गर्दै त्यसमा विभिन्न पार्टी

*बाँकी अन्तिम पृष्ठमा*

# स्व. गजेन्द्र नारायण सिंहको सम्झनामा विभिन्न कार्यक्रम



**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

मधेशवादका प्रणेताका रुपमा मानिएका स्व. गजेन्द्र नारायण सिंहको २० औं स्मृति दिवसको अवसरमा सोमबार राजविराजमा विभिन्न कार्यक्रम गरि मनाइएको छ ।

मधेशी अधिकारका लागि संगठित अभियानको नेतृत्व समेत गरेका नेता सिंहको राजनीतिक योगदानको स्मरण गर्दै स्मृति दिवस मनाइएको हो ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) तथा गजेन्द्र नारायण सिंह अध्ययन केन्द्र सप्तरीले शालिकमा माल्यार्पण, बिरामीलाई फलफुल बितरण तथा अन्तरक्रिया कार्यक्रम गरि स्मृति दिवस मनाएको छ ।

सो अवसरमा गजेन्द्र नारायण सिंह अस्पताल हाताभित्र संचालित पोषण पुनंस्र्थापना केन्द्रका बिरामीहरुलाई फलफुल बितरण, गजेन्द्र चौक र अन्य स्थानमा रहेको स्व. सिंहको शालिकमा

*बाँकी अन्तिम पृष्ठमा*







अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# सीप सिकेर तथा जानकारी लिएर वैदेशिक रोजगारमा जानु उपयुक्त

वैदेशिक रोजगारीका लागि जानु पूर्व सीप सिक्नु अतिआवश्यक रहेको छ । त्यस बाहेक उपयुक्त जानकारी लिनु पनि आवश्यक छ । अहिले नेपालबाट विदेशिनेहरुको संख्या बढ्दो छ । मुलुकमा रोजगारीको अभावका कारण विदेशिनेहरुको संख्यामा बृद्धि भएको हो । तर, रोजगारीका लागि विदेशिनु सुरक्षित छ वा छैन भन्ने बारे विचार समेत पुऱ्याउनु उत्तिकै जरुरी छ ।

वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी लिएर नजाँदा एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा धेरै भएका छन् । तर, अहिले आएर पर्याप्त सूचना र जानकारी प्राप्त गरेर वैदेशिक रोजगारीमा जाने गरेकाले ठगिने घटनामा भने कमी आउन थालेको छ ।

विदेश पुगेर ठगिनु भन्दा वैदेशिक रोजगारी सम्बन्धि सम्पूर्ण जानकारी प्राप्त गरी रोजगारमा जानु उपयुक्त हुने कुरालाई मनन् गर्नु आवश्यक छ । तसर्थ यसका साथै वैदेशिक रोजगारीमा जाँदा दक्ष कामदारका रुपमा सीप सिकेर जानु भनै उयपुक्त हुने छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# शैक्षिक सुधारमा निरन्तरता, संघीय शिक्षा ऐनमा प्राथमिकता

काठमाडौँ, १० माघ (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले मन्त्रालयको कार्यभार सम्हालेपछिको सय दिनका अवधिमा शैक्षिक सुधारका लागि विभिन्न पहल भएका छन् तर सङ्घीय शिक्षा ऐन तर्जुमा जस्ता महत्वपूर्ण कार्य अझै चुनौतीपूर्ण देखिएको छ ।

मन्त्री पौडेलले उक्त ऐन निर्माण, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने तथा शिक्षामा प्राविधिक र व्यावसायिक धारलाई बढाउन उच्च प्राथमिकता दिने बताउँदै आउनुभएको छ । नयाँ सरकार बनेदेखि हालसम्म सङ्घीय संसद्मा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले जारी राखेको अवरोध खुल्न नसक्दा विधेयकहरूमाथि छलफल हुन पाएको छैन । नयाँ संविधानबमोजिम नयाँ शिक्षा ऐन तर्जुमा गरी विसं २०२८ सालको विद्यमान शिक्षा ऐन विस्थापन गर्न ढिलाइ भएकाले अब अध्यादेशबाट भए पनि ऐन ल्याउन मन्त्री पौडेलले गृहकार्य सुरु गर्नुभएको छ ।

यसबारे उहाँले आइतबार सम्बन्धित क्षेत्रका विज्ञहरूसँग परामर्श गर्नुभएको छ । शिक्षा क्षेत्रमा देखिने र चिरस्मरणीय हुने काम गर्ने सोचमा रहनुभएका मन्त्री पौडेललाई कतिपय साना र प्रशासनिक कामले अल्झाइरहेको छ । पछिल्लो समयमा केही मेडिकल कलेजले तोकिएको भन्दा बढी शुल्क लिएको गुनासो बढेपछि कारबाही गर्न शिक्षामन्त्री पौडेलले गृहमन्त्री बालकृष्ण खाँणलाई आग्रह गर्नुभएको छ ।

गत असोज २२ गते पदबहाली गर्नुभएका मन्त्री पौडेलले अघिल्लो सरकारले थालेका र शिक्षामा भइरहेको सुधारलाई निरन्तरता दिँदै क्षमता र विवेकले भ्याएसम्म अहोरात्र खटेर शिक्षामा आमूल परिवर्तन गर्ने उद्घोष गर्नुभएको थियो ।

प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको मन्त्रिपरिषद् विस्तारमा नेता पौडेल नेकपा (माओवादी केन्द्र) का तर्फबाट उक्त मन्त्रालयको जिम्मेवारीमा पर्नुभएको थियो । उहाँले पदबहालीका क्रममा पत्रकारसँग कुरा गर्दै सरकारले 'पढ्दै, कमाउँदै' कार्यक्रम ल्याएको र शिक्षालाई देश र जनताको हितमा उपयोग गर्न दातृ निकायसँगको समेत सहयोग लिएर रोजगारमूलक बनाउन नीतिगत पहल गर्न तथा सङ्घीय शिक्षा निर्माणलगायत विद्यमान आवश्यकता र समस्याका आफ्नो ध्यान जाने बताउनुभएको थियो ।

उहाँले गत मङ्सिर ७ गते तिनै विषयलाई प्राथमिकता दिँदै शैक्षिक सुधारका ३० बुँदा सार्वजनिक गर्नुभएको थियो । सङ्घीय शिक्षा ऐन, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास ऐन, स्वास्थ्य प्रतिष्ठान सञ्चालनसम्बन्धी एकीकृत ऐन, उच्च शिक्षा ऐन, राष्ट्रिय योग्यता ढाँचा└ सिक्दै कमाउँदै कार्यक्रमको कार्यविधिहरूको मस्यौदा तयार भई स्वीकृतिका लागि प्रक्रिया अगाडि बढाएको मन्त्रालयले जनाएको छ ।

मन्त्री पौडेलका निजी सचिव डा कुलप्रसाद खनालका अनुसार यसबीचमा शिक्षक अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययन र जग्गा खोजी गर्ने कार्य भई थप प्रक्रिया अगाडि बढेको, छात्रवृत्ति विवरणका लागि कार्यविधि स्वीकृत गरी प्रक्रिया अगाडि बढाइएको, राष्ट्रिय पुस्तकालाय भवन निर्माण प्रक्रिया अगाडि बढाइएको, द्वन्द्वपीडित शिक्षकका समस्या समाधानका लागि पहल गरिएको र मापदण्ड पूरा गरेका अस्पताललाई नर्सिङ कार्यक्रममा भर्ना गर्न निर्देशन दिइएको छ ।

मन्त्री पौडेलले यही अवधिमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को साधारणसभामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो ।

अन्य उपलब्धिमा मन्त्रालयको सेवा प्रवाह सुधारको कार्य योजना तयार गरी कार्यान्वयन गरिएको, चीनका विभिन्न विश्वविद्यालयमा चिकित्साशास्त्र अध्ययन गरेका तर कोभिडको कारण फर्किन नपाएका विद्यार्थीहरूको गुनासो र मागबमोजिम समाधानका लागि प्रक्रिया अगाडि बढाइएको, स्थानीय तहमा कार्यक्रम कार्यान्वयनको प्रभावकारी समन्वयका लागि शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखहरूको कार्यशाला आयोजना गरी निर्देशन जारी गरिएको, विद्यालयस्तरीय पाठ्यपुस्तक छपाइ तथा वितरणका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र निजी क्षेत्रको सहभागितामा कार्यारम्भ गरिएको, राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष र नेपाल खुला विश्वविद्यालयको कुल सचिवको पदपूर्ति गरिएको, शिक्षकका पेसागत मागबारे नेपाल शिक्षक महासङ्घसँग विभिन्न चरणमा वार्ता भई कार्यान्वयन योजना तयार भएको र विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित शिक्षण संस्थाहरूको अनुमगन गर्ने कार्य सुरु भएको जनाइएको छ ।

यसैगरी, विद्यार्थी सिकाइ उपलब्धि र मूल्याङ्नलाई वस्तुगत र वैज्ञानिक बनाउन अक्षराङ्कन पद्धति निर्देशिका स्वीकृत गरी जारी गरिएको, दस वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी विकास साझेदारसँग छलफल र समझदारी गरी शैक्षिक विकासमा थप सहयोगका लागि प्रतिबद्धता लिइएको, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग गरी कार्यान्वयनका क्रममा रहेको, स्थायी शिक्षक पदपूर्तिका लागि शिक्षक सेवा आयोग नियमावली संशोधन स्वीकृत गरी १७ हजारभन्दा बढी शिक्षकहरूको खुला प्रतियोगितामार्फत पदपूर्तिको प्रक्रिया अगाडि बढाइएको, चालु आवको कार्यक्रम कार्यान्वयन पुस्तिका स्वीकृत गरी अभिमुखीकरण गरिएको छ । बदलिँदो परिवेशअनुसार शिक्षा सेवालाई प्रभावकारी र चुस्त बनाउन शिक्षा मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य थालनी गरिएको छ ।

चिकित्सा शिक्षामा शुल्कसम्बन्धी गुनासो र समस्या समाधानका लागि स्थलगतरूपमा अनुगमनपश्चात् गृह मन्त्रालय, चिकित्सा शिक्षा आयोग, नेपाल मेडिकल काउन्सिल,

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

# आफ्ना कर्मचारीलाई युक्रेन छोड्न अमेरिकाको आदेश

वासिङटन, १० माघ (रासस/सिन्ह्वा) ।

अमेरिकाले युक्रेनको दूताबासमा रहेका आफ्ना कर्मचारीलाई युक्रेन छोड्न आदेश दिएको छ ।

अमेरिकाको विदेश मन्त्रालयले आइतबार सो आदेश दिएको हो । किभको दूताबासमा रहेका आफ्ना कर्मचारीहरु र उनीहरुका परिवारलाई युक्रेन छोडी स्वदेश फर्किन भनेको बताइएको छ । पछिल्ला केही हप्ताहरुमा रुस र युक्रेनबीच तनाव बढिरहेका बेला अमेरिका सरकारले युक्रेन छाड्न आफ्ना नागरिकहरुलाई निर्देशन दिएको विभिन्न समाचारमाध्यमहरुले जनाएका छन् ।

किभको दूतावासमा कार्यरत कर्मचारी, तिनका परिवारका सदस्य र अत्यावश्यक काम नभएका अन्य कर्मचारीहरुलाई पनि अमेरिकी विदेश मन्त्रालयले युक्रेन छाड्न भनेको हो । सो दूतावासमा रहेका मात्र नभएर युक्रेनमा रहेका आफ्ना सबै नागरिकहरुलाई पनि सम्भव भएसम्म युक्रेन छाड्ने विषयमा विचार गर्न अमेरिकाले अनुरोध गरेको छ ।

अमेरिकी गुप्तचर रिपोर्टमा रुसले युक्रेनमा आक्रमण गर्ने योजना बनाएको पाइएको बताइएको छ । त्यसैले पनि अमेरिकाले आफ्ना नागरिकहरुलाई उक्त आदेश जारी गरेको बताइएको छ । उता रुसले भने युक्रेनमा आक्रमण गर्ने योजना नरहेको बताएको छ ।

रुसले पछिल्ला समयमा अमेरिकाले लगाउँदै आएको सो आरोपको खण्डन पनि गर्दै आएको छ । तर पनि अघिल्लो महिना देखि नै रुसले भने युक्रेनसँग जोडिएको सीमा क्षेत्रमा करिब एक लाख सैनिक तैनाथ गरेको छ । विभिन्न अन्तर्राष्ट्रिय समाचार संस्थाहरुले यो कुरा उल्लेख गरेका छन् ।

# भारतमा पछिल्लो एक दिनमा तीन लाख छ हजार नयाँ संक्रमित

नयाँ दिल्ली, १० माघ (रासस/एएनआई) ।

भारतमा पछिल्लो एक दिनमा तीन लाखभन्दा बढी मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।सोमबार विहान सार्वजनिक गरिएको विवरणअनुसार पछिल्लो २४ घण्टामा तीन लाख छ हजार ६४ जना नयाँ सङ्क्रमित भएका हुन् ।

अघिल्लो दिनको तुलनामा भने दैनिक सङ्क्रमितहरुको सङ्ख्या घटेको देखिएको छ । अघिल्लो दिनभन्दा २७ हजार ४६९ कम हो । त्यसैगरी दैनिक परीक्षण पनि घटेको छ । अघिल्लो दिन १८ लाख ७५ हजार ५३३ जनाको परीक्षण गरिएकोमा पछिल्लो २४ घण्टामा १४ लाख ७४ हजार ७५३ जनाको परीक्षण गरिएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अधिकारीहरुका अनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या २२ लाख ४९ हजार ३३५ रहेको छ । भारतमा कोरोनाका कारण पछिल्लो २४ घण्टामा ४३९ जनाको मृत्यु भएको छ । योसँगै कोरोनाका कारण भारतमा अहिलेसम्म मृत्यु भएकाहरुको सङ्ख्या चार लाख ८९ हजार ८४८ रहेको छ ।

त्यसैगरी पछिल्लो एक दिनमा दुई लाख ४३ हजार ४९५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । एउटै अवधिमा नयाँ सङ्क्रमितहरुको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या थोरै रहेकाले सक्रियसङ्क्रमितहरुको सङ्ख्या बढ्दै गएको छ ।

# हिमपातका कारण अफगानिस्तानमा ४२ को मृत्यु, ७६ घाइते

काबुल, १० माघ (रासस/एएनआई) ।

अत्यधिक हिमपातका कारण अफगानिस्तानमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ ।

हिमपातमै परी अरु ७६ जना घाइते समेत भएको स्थानीय सञ्चार माध्यमहरुले सोमबार समाचार सम्प्रेषण गरेका छन् । तालिवान सरकारको प्रकोप व्यवस्थापन मामिला मन्त्रालयले देशका १५ प्रान्तमा हिमपात भएको जानकारी दिएको छ ।

मन्त्रालयका अधिकारीहरुले हिमपातका कारण दुई हजारभन्दा बढी घरहरुमा क्षति पुगेको पनि जनाएका छन् । पछिल्लो २० दिनमा यति ठूलो क्षति भएको अधिकारीहरुको भनाई छ । उनीहरुले हिमपातबाट प्रभावितहरुलाई मन्त्रालयको तर्फबाट अत्यावश्यक सेवा तथा सामग्रीहरु उपलब्ध गराइएको पनि उल्लेख गरेका छन् ।

प्रतिकुल मौसमका कारणले हिमपातबाट प्रभावित भएकाहरुलाई खोजी, उद्धार तथा राहतका लागि गाह्रो भइरहेको घटनास्थलमा खटिएका अधिकारीहरुले बताएका छन् । प्रभावितहरुलाई विभिन्न ठाउँमा स्थानान्तरण गरेर अस्थायी शिविर बनाएर राखिएको पनि मन्त्रालयका अधिकारीहरुले जनाएका छन् ।

# तोकिएका प्रतिनिधिलाई मात्र खाडी र मलेसिया भ्रमणको अनुमति दिइने

काठमाडौँ, १० माघ (रासस)।
गृह मन्त्रालयले तोकिएका संस्थागत प्रतिनिधि र व्यक्तिहरूलाई मात्र खाडी मुलुक र मलेसिया भ्रमणका लागि प्रस्थान अनुमति दिने भएको छ।

कोभिड-१९ सङ्क्रमण फैलिरहेका बेला खाडी मुलुक र मलेसियामा गई नेपाली बिचल्लीमा परेको गुनासो आएकाले यही १० गतेदेखि लागू हुने गरी अर्को आदेश नभएसम्मका लागि उक्त मुलुकको भ्रमणमा जान रोक लगाएको मन्त्रालयले आइतबार एक सूचना जारी गरी तोकिएका निकायका प्रतिनिधिलाई मात्र भ्रमण भिसाका लागि प्रस्थान अनुमति दिने जनाइएको छ।

मन्त्रालयले सरकारी कामको सिलसिलामा जाने सरकारी कर्मचारी, अन्तर्राष्ट्रिय कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि (संस्थागत कार्यका लागि मात्र) लाई प्रस्थान अनुमति दिने जनाएको छ।

यस्तै, नेपालमा सामान आयातनिर्यात गर्ने व्यावसायिक प्रतिनिधि (आयातनिर्यातका लागि मात्र), वार्षिक न्यूनतम रु ६ लाख कर योग्य आय भई कम्तीमा सोको आधा रकम बैंक खातामा बचत भएका र नेपालको कर प्रणालीमा आबद्धता भएका व्यक्ति पनि भ्रमणका लागि प्रस्थान अनुमति दिने मन्त्रालयले जनाइएको छ।

मन्त्रालयका प्रवक्ता फडिन्द्रमणि पोखरेलका अनुसार औद्योगिक तथा व्यावसायिक गतिविधिमा अन्तर्राष्ट्रिय सञ्जालमा आबद्ध विशिष्ट संस्थाबाट विशिष्ट कार्यका लागि जानुपर्ने आधिकारिक प्रतिनिधि, वैदेशिक रोजगार व्यवसायको बजार प्रवर्द्धनका लागि जाने म्यानपावर व्यावसायिक सञ्चालक वा आधिकारिक प्रतिनिधिलाई पनि प्रस्थान अनुमति प्रदान गरिनेछ।

यस्तै, बिरामी कुरुवा वा बिरामीको रेखदेखका रूपमा जाने (तीन पुस्ताभित्रका) पारिवारिक सदस्यहरू (नेपाली राजदूतावासको पत्र परराष्ट्र मन्त्रालयमार्फत आउनुपर्ने) का लागि पनि प्रस्थान अनुमति खुला गरिएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

# नेपाल सहकारी संस्था लिमिटेड

**सप्तरी राजविराजबाट जारी गरिएको**

## ऋणीहरुलाई धितो लिलामी सम्बन्धी १५ दिने सुचना

*मिती : २०७८/१०/११*

नेपाल सहकारी संस्था लिमिटेड, सप्तरी राजविराजबाट विभिन्न मितिमा आफ्नो काम कारोबारका लागि ऋण प्राप्त गरी सो ऋणको भाखा बमोजिम तोकिएको म्यादमा साँवा तथा ब्याज चुक्ता गरी फरफराक लिनुपर्नेमा तपसिल बमोजिम व्यक्तिहरुले सो नगरी आलटाल गरी बसेको हुँदा साँवा तथा ब्याज बुझाउन ऋणीलाई संस्थाबाट पटक-पटक सुचना पठाउँदा पनि सम्बन्धित ऋणीहरुलेत्यस तर्फ ध्यान नदिई बसेका हुँदा निजहरुले ऋणको धितोवापत संस्थामा राखिएको अचल सम्पतिहरु धितो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले सम्बन्धित ऋणी तथा निजको तर्फबाट धितो जमानी राखी मंजुरनामा दिने व्यक्ति समेतको जानकारीका लागि सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को दफा ३० बमोजिम कार्यवाहीका लागि यो सुचना प्रकाशित गरिएको छ। तसर्थ तपसिलका ऋणीहरुले संस्थामा राखिदिएको तपसिल बमोजिमको धितोको जग्गा मिति **२०७८/१०/२५** गते मंगलबारका दिन कार्यालयमा लिलाम डाक बढाबढ हुने भएकोले इच्छुक नेपाली नागरिकहरु लागि यो सुचना प्रकाशित गरिएको छ। साथैसो लिलाम डाँक बढाबढको कार्य उक्त मितिको बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म हुने भएकोले उक्त समयमा कार्यालयमा उपस्थिति भई डाक साकार गरिलिनु हुन यो सुचना प्रकाशित गरिएको छ। डाँक साकार गर्ने व्यक्तिले डाँक साकार गरेको अंकको १०प्रतिशत रकम तुरुन्तै, बाँकी रकम १५ दिनभित्र यस संस्थामा बुझाउनुपर्नेछ। सो म्याद नाघी आएमा जम्मा भएको रकम जफत हुनेछ। लिलाम सम्बन्धित सम्पुर्ण खर्च सम्बन्धी ऋणीले व्यहोर्नुपर्ने समेत जानकारी गराइन्छ। अन्य लिलाम सम्बन्धी जानकारी संस्थाको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ। डाक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहनेछ।

## तपसिल

| क.सं. | ऋणीको नाम | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेगाना | वडा नं. | कि.नं. | क्षेत्रफल |
| १ | बालेश्वर लाल देव | राजविराज ६ | मलिक लाल देव | बेचन पोद्दार | राजविराज | ६ | २४९७ | ०-०-३/४ |
| | | हाल राजविराज ७ | | | | ६ | २५०२ | ०-०-१ १/२ |
| २ | निरु कार्की | राजविराज ४ | पति-अशोक कार्की | टंक बहादुर | खो. प्रवाहा | ९ क | ५३८ | ०-४-४ |
| ३ | पिताम्बर लाल दास | राजविराज ८ | भुप ना. लाल दास | चेथरुलाल दास | राजविराज | ५ क | ५२७९ | ०-०-१७ |
| ४ | राम किशोर साह | राजविराज ६ | जग्गु साह | जनक साह | राजविराज | ७ | १/८ क | ०-०-३ |
| | | | | | राजविराज | ७ | १/९ | ०-०-५ १ १/२ |
| | | | | | राजविराज | ७ | १/१० क | ०-०-३ ७ १/२ |
| ५ | राज किशोर स्वर्णकार | राजविराज ४ | सिताराम साह | मुन्सि लाल | राजविराज फुटकर लाइन | ३ | १/२ ख | ०-०-२-१४ क |
| ६ | गिता देवी खतिवडा | | श्याम कुमार खतिवडा | ध्वज लाल खतिवडा | कल्याणपुर | ८ ख | ३४३ | ०-०-५ |
| | | | | | खोजपुर | ५ क | ९०३ | ०-३-१८ १/२ |
| | | | | | खोजपुर | ५ क | ९०५ | ०-३-१६ १/२ |
| ७ | राजकुमार दास | राजविराज १ | गुलाई दास | खुशि दास | च.प. | २ | ४३८ | ०-०-१४ |
| | सन्तोष कुमार दास | बसबिट्टी ८ | जगदीश दास | राधे दास | मलेठ | ७ ख | ४२३ | ०-०-११ |
| ८ | सुगम्बर लाल दास | दिघवा १ | जनक लाल दास | मकुम लाल दास | दिघवा | १ क | ७८५ | ०-४-० १/४ |
| | | | | | दिघवा | १ क | ७९० | ०-२-११ |
| | | | | | दिघवा | १ क | ७८७ | ०-१-२ १/२ |
| | | | | | दिघवा | १ क | ७९५ | ०-०-९ ३/४ |
| | | | | | दिघवा | १ क | ७८२ | ०-०-१६ १/२ |
| ९ | सुनिता कुमारी यादव | पत्थरगाढा ७ | अरुण यादव | कृष्ण कुमार यादव | पातो | ८ | ५२२ | ०-९-८ १/२ |
| १० | गोपाल प्रसाद देव | राजविराज ७ | मलिकलाल देव | बेचन पोद्दार | राजविराज | ६ | २४९६ | ०-०-३/४ |
| | | | | | राजविराज | ६ | २५०० | ०-०-१ १/२ |

**लिलाम डाक बढाबढ हुने मिति :** २०७८/१०/२५ गते मंगलबार
**समय** : बिहान १०:०० बजे देखि ४:०० सम्म
**स्थान** : संस्थाको कार्यालय भवन राजविराज-४, (हाल ३) गजेन्द्र चौक
***नोट : लिलाम डाक बढाबढ हुने दिन बिदा पर्न गएमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन डाक बढाबढ हुनेछ।***

**नेपाल सहकारी संस्था लि.**
राजविराज-४, (हाल ३), सप्तरी
फोन नं ०३१-५३१०९६

# दश हजार ३ सय १९ जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, १० माघ ।**
पछिल्लो २४ घण्टामा १० हजार ३ सय १९ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ भने चार जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभर २१ हजार २०१ नमुना परीक्षण गरिएको थियो । जसमध्ये १६ हजारर ६५४ नमुनाको पीसीआर टेष्ट गर्दा ८ हजार ५४ र ४ हजार ५४७ नमुनाको एन्टीजेन टेष्ट गर्दा २२६५ जनामा संक्रमण पुष्टि भएको हो ।

पछिल्लो २४ घण्टामा २ हजार ५४० जना संक्रमणमुक्त भएका छन् । हाल देशभरमा ८२ हजार ५५० संक्रिय संक्रमित छन् ।

सोमबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या १० लाख ३३ हजार ६२६ पुगेको छ । योसँगै नेपाल मृत्यु हुनेको संख्या ११ हजार ६५९ पुगेको छ भने ८ लाख २४ हजार २३९ जना संक्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय संक्रमितको संख्या ८२ हजार ५५० जना रहेका छन् । जसमध्ये ८० हजार ७७९जना होम आइसोलेसनमा रहेका छन् भने १ हजार ७७१ जना संस्थागत आइसोलेसनमा रहेका छन् । कोरोनाका बिरामीमध्ये २३८ जना आईसीयू र ४३ जना भेन्टिलेटरमा उपचाररत् छन् ।

यस्तै १० वर्ष मुनिका १२३ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने ११ देखि २० वर्ष उमेर समूहका ३८४ जना

# निगमले आइओसीलाई पठायो १३ अर्ब

काठमाडौं, १० माघ (रासस) ।
सञ्चित बचत शून्यमा झरेपछि अप्ठ्यारोमा पुगेको नेपाल आयल निगमले सरकारसँग पैसा मागेर इन्डियन आयल कर्पोरेसन ( आइओसी) लाई रु १३ अर्ब बढी भुक्तानी गरेको छ ।

निगमले मूल्य स्थिरीकरण कोषबाट रु एक अर्ब ८० करोड लिएर जनवरी महिनाको दोस्रो किस्तावापतको रकम आइओसीलाई भुक्तानी गरेको प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । निगमले सोमबार आइओसीलाई रु१३ अर्ब २० करोड पठाएको छ ।

सञ्चित बचत शून्यमा पुगेसँगै आइओसीलाई तिर्नुपर्नेमध्ये रु एक अर्ब ८० करोड अपुग भएपछि निगमले उक्त रकम उपलब्ध गराइदिन सरकारसँग आग्रह गरेको थियो । मूल्य स्थिरीकरण कोष सञ्चालक समितिको शुक्रबारको बैठकले आइओसीलाई तिर्न अपुग रु एक अर्ब ८० करोड निगमलाई उपलब्ध गराउने निर्णय गरेको थियो ।

कोष सञ्चालक समितिको अध्यक्ष वाणिज्य तथा आपूर्ति सचिव रहने व्यवस्था छ । सरकारले पेट्रोलियम पदार्थको मूल्यमा स्थिरिता कायम गर्न विसं २०७१ मा ‘पेट्रोलियम पदार्थ तथा ग्यासको मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली’ जारी गरेको थियो ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य लगातार उकालो लाग्दा निगमको घाटा पनि चुलिँदै गएको छ । पेट्रोलियम पदार्थको खरिद मूल्य बढ्दै जाँदा मूल्य समायोजन नगर्ने हो भने निगम थप घाटामा जाने जानकारको भनाइ छ । सरकारसँग पैसा मागेर जनवरी महिनाको दोस्रो किस्ता बुझाएका निगमका अधिकारी आइओसीलाई अर्को महिनाको किस्ता कसरी बुझाउने भन्ने चिन्तामा छन् ।

निगमले दोस्रो किस्ताबापत आइओसीलाई २३ तारिखमा रकम बुझाउनुपर्ने भएपनि आइतबार आइओसी बन्द भएका कारण एक दिन पछि भुक्तान गरेको हो । निगमले प्रत्येक अंग्रेजी महिनाको ८ र २३ तारिखमा आइओसीलाई पेट्रोलियम पदार्थ खरिद गरेबापतको रकम भुक्तानी गर्दै आएको छ ।

# भ्रामक सूचना तथा जानकारीप्रति सजग रहन चिकित्सा आयोगको आग्रह

काठमाडौँ, १० माघ (रासस) ।
चिकित्सा शिक्षा आयोगले परीक्षाजस्तो संवेदनशील विषयमा भ्रामक सूचना तथा जानकारीबाट पर्नसक्ने गम्भीर असरप्रति सम्बन्धित सबैलाई सजग रहन अनुरोध गरेको छ ।

आयोगले आइतबार एक विज्ञप्ति जारी गर्दै आयोगबाट स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमको एकीकृत प्रवेश परीक्षा यही माघ ८ र ९ गने काठमाडौँ उपत्यकासहितका देशका अन्य चार स्थानका परीक्षा केन्द्रमा मर्यादित र व्यवस्थितरूपमा सम्पन्न भएको बताएको छ ।

केही सामाजिक सञ्जाल र सञ्चार माध्यममा परीक्षाको प्रश्नपत्र बाहिरिएको लगायतका तथ्यहीन र भ्रामक प्रचार प्रसार भएकामा आयोगको गम्भीर ध्यानाकर्षण भएको आयोगका सदस्य सचिव डा भोजराज शर्मा काफ्लेद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

परीक्षामा अमर्यादित कार्य गर्न प्रयास गरेका दुई परीक्षा केन्द्रका तीन जनालाई आयोग र केन्द्रीय अनुसन्धान ब्यूरोको संयुक्त प्रयासमा नियन्त्रणमा लिई थप अनुसन्धान तथा कानूनी प्रक्रिया अगाडि बढाउन केन्द्रीय अनुसन्धान ब्यूरोलाई अनुरोध गरिएको आयोगले जनाएको छ ।

आयोगले प्रश्नपत्रको गोपनीयता र व्यवस्थापनमा सुरक्षा मापदण्ड पूर्णरूमा पालना गरिएको उल्लेख गर्दै भोलि माघ १० गतेको परीक्षा पनि पूर्वनिर्धारित कार्यक्रमअनुसार सञ्चालन हुने जानकारी गराएको छ ।

# सिकाइ सहज बनाउन एम्नेस्टीद्वारा ‘राइट्स आर्केड’ एप सार्वजनिक

काठमाडौँ, १० माघ (रासस) ।
एम्नेस्टी इन्टरनेसनलले मानव अधिकार रक्षकहरूलाई अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रताजस्ता अधिकारहरूको बारेमा शिक्षित गर्ने उद्देश्यका साथ राइट्स आर्केड नामक मोबाइल गेम एप सार्वजनिक गरेको छ ।

अन्तर्राष्ट्रिय शिक्षा दिवसका अवसरमा यस वर्ष एम्नेस्टी इन्टरनेसनलले पछिल्लो पुस्ताका मानव अधिकार रक्षकहरूलाई अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रताजस्ता अधिकारहरूका बारेमा शिक्षित गर्ने उद्देश्यका साथ ‘राइट्स आर्केड’ नामक एउटा निःशुल्क मानवअधिकारसम्बन्धी मोबाइल गेम एप सार्वजनिक गरेको हो ।

कार्यगत शिक्षामार्फत मानवअधिकार अभियानलाई सुदृढ गर्नका लागि एप विकास गरिएको एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले जानकारी दिनुभयो । उहाँले एपमा भएका गेमहरूले प्रयोगकर्ताको मानवअधिकारसम्बन्धी ज्ञानलाई बढाउने र उनीहरूलाई मानवअधिकारका सवालमा ‘एक्सन’ लिनका लागि प्रोत्साहित गर्ने बताउनुभयो ।

## मन्त्री यादव समर्थित ...

विभागकी सचिव लक्ष्मी चौधरी, समाजवादी महिला संघकी जिल्ला सचिव राखी यादव, हुनमाननगर कंकालिनी नगरपालिकाकी उपप्रमुख सरिता यादव, जसपा नेता लक्ष्मण यादव लगायतले सम्बोधन गर्दै किसान आन्दोलनका नाममा अराजक गतिविधी गर्न लागेको भन्दै त्यस्ता गतिविधी नियन्त्रण गर्नुपर्नेमा बताए ।

यसअघि आइतबार जनमत पार्टीका कार्यकर्ताहरुले मन्त्री यादवको पुतला दहन गर्दै उनको बर्खास्तीको माग गरेका छन् । माघ ५ गते बलिदानी दिवस मनाउन गौर पुगेकी मन्त्री यादवले सार्वजनिक सभाबाटै जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई ज्यान मार्ने धम्की दिएको अभिव्यक्ति बिरुद्ध मन्त्री यादवको पुतला दहन गरेका थिए ।

## पहिचानको लडाइ ...

बाँधक रहेको आरोप समेत लगाए । उनले ती बाधाहरुलाई चिर्दै अघि बढ्नुको विकल्प नरहेको बताए ।

मधेशका जनताको अधिकार प्राप्तिदेखि राष्ट्रियताको सवालमा पार्टी अडिक रहेको भन्दै सो लडाइमा पार्टी सशक्त रुपमा लागेर अघि बढ्नुपर्ने पर्नेमा जोड दिए ।

जसपा जिल्ला समन्वय सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका नगर प्रमुख शम्भुप्रसाद यादवले स्वागत मन्तव्य दिएका थिए ।

## स्व. गजेन्द्र नारायण ...

माल्यार्पण तथा गजेन्द्र नारायण अध्ययन केन्द्रमा अन्तरक्रिया लगायतको कार्यक्रम आयोजना गरिएको छ ।

गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रका संयोजक समेत रहेका जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा लोसपा नेता जयप्रकाश ठाकुर, शैलेश चौधरी, दिपेन्द्र चौधरी, अमरनाथ मण्डल, बिनोद सिंह, मनोज झा, राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, मधेशी निजामति कर्मचारी आधिकारिक ट्रेड युनियनका अध्यक्ष अजय झा, अध्ययन केन्द्रका सदस्य चन्द यादव लगायतले मधेश अधिकारका लागि संगठित अभियानको नेतृत्व गरेका स्व. सिंहको राजनीतिक योगदानको स्मरण गरेका थिए ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका घर भएका सिंहले २०४७ सालमा सद्भावना परिषद् हुँदै नेपाल सद्भावना पार्टीको गठन गरेका थिए ।

## शैक्षिक सुधारमा ...

विश्वविद्यालय/प्रतिष्ठानहरू र जिल्ला प्रशासन कार्यालयबीच छलफल गरी कानुनबमोजिम नियमन गर्न निर्देशन जारी गरिएको छ । मन्त्रालयबाट सम्पादन हुने नियमित कार्यहरूलाई कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको र नियमित बैठकमा प्रगति समीक्षा गर्ने गरिएको छ । शैक्षिक सुधारका लागि असल अभ्यास गरेका विद्यालयका प्रधानाध्यापकबीच अनुभवको आदानप्रदान विश्वविद्यालयका प्राध्यापक एवम् शिक्षाविद्हरू, प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीहरू र गाउँ/नगरपालिका महासङ्घका अध्यक्ष/उपध्यक्षहरूसँग शैक्षिक सुधारका मुद्दा र समाधानबारे छुट्टाछुट्टैजस्ता गतिविधि मन्त्री पौडेलको नेतृत्वमा भएका छन् ।

मन्त्री पौडेलले सबै विद्यार्थीलाई कोभिड-१९ विरुद्धको खोपको व्यवस्था गरिने, बाँकी सबै पालिका, जिल्ला र प्रदेशलाई साक्षर घोषणा गरिने, सिक्दै कमाउँदै कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिने, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन र नियमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने, कक्षा १२ सम्मका पाठ्यपुस्तकको छपाइ गुणस्तरीय एवं रङ्गीन बनाइने, अधिकतम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको पढाइ सञ्चालनमा ल्याइने बारेमा थप प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

## ३ नं. वडा कार्यालय राजविराज नगरपालिका कार्यालयबाट जारि भएको

# सूचना

मिति : २०७८/१०/१०

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. ४ हाल वडा नं. ३ वस्ने किरण कुमारी चौधरीले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७८/१०/०९ मा द.न. २७६ को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकासित भएको ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानुन बमाजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा.वडा नं. ३ वस्ने श्री रमानन्द चौधरी नाउँ दर्ताको जग्गाा

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | प्रसवनी | ६ | ६३१ | १-०-० |
| सप्तरी | प्रसवनी | ६ | ६२७ | ०-१-१० ३/४ |
| सप्तरी | प्रसवनी | ६ | ६२५ | ०-१-५ |
| सप्तरी | प्रसवनी | ६ | ६२९ | ०-२-४ |

**सुदर्शन प्रसाद सिंह**
**वडा अध्यक्ष**

➢ खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं ।
➢ भूमिको अधिकतम उपयोग गरौं ।
➢ कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।
➢ भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुर्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*